# युवा क्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५

*(दोस्रो संशोधन सहित)*

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
**राष्ट्रिय युवा परिषद**
सानोठिमी भक्तपुर

# युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५

स्वीकृत मितिः २०७५/०६/०७

पहिलो संशोधन २०७६/०२/०७

दोस्रो संशोधन २०७६/०५/२६

**प्रस्तावनाः** राष्ट्रिय युवा परिषद ऐन २०७२ ,राष्ट्रिय युवा नीति २०७२ तथा युथभिजन २०२५ को मर्म र भावनालाई आत्मसात गर्दै समृद्ध राष्ट्र निर्माणको आधारस्तम्भको रुपमा रहेका नेपाली युवा वर्गको नेतृत्व तथा क्षमता विकास गरी देशको शासन सञ्चालन प्रणाली र सुशासन सम्बन्धमा युवालाई सुसूचित र सशक्तीकरण गर्दै उनीहरुको सर्वाङ्गीण विकासका लागि युवामैत्री नीति , योजना, कार्यक्रम र प्राथमिकता निर्धारण गर्न, युवालक्षीत उद्देश्य प्राप्तिका लागि राज्यलाई पृष्ठपोषण दिन तथा सकारात्मक वातावरण निर्माण गर्न, युवाका मुद्दाहरुको वहस पैरवी केन्द्रको रुपमा विकास गर्न, युवालाई सामाजिक दायित्व र कर्तव्य प्रति जिम्मेवार बनाउनका लागि स्थानीय तहका हरेक वडामा स्वयंसेवकीय सञ्जालको रुपमा युवाक्लब गठन तथा युवा संसदको नमूना अभ्यासका माध्यमबाट युवा परिचालन गर्ने उद्देश्यले नेपाल सरकारले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम " युवा क्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि - २०७५" रहेको छ ।

(२) यो कार्यविधि राष्ट्रिय युवा परिषदले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "युवा क्लब" भन्नाले स्थानीय तहको प्रत्येक वडामा गठन भएको १६-२४ वर्ष उमेर समूहका युवा सदस्यहरु रहेका यसै कार्यविधि बमोजिम गठित युवा क्लबलाई सम्झनुपर्छ ।

(ख) "युवा संसद" भन्नाले १६ देखि २४ वर्ष सम्मका वडास्तरीय युवाक्लबका सदस्यहरु तथा तोकिएको निकायबाट छनौट भई आएका युवा प्रतिनिधिहरुबाट सञ्चालन हुने नमूना संसदीय अभ्यासका लागि गठन गरिने संसदलाई सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ ।

(ङ) "युवा" भन्नाले राष्ट्रिय युवा परिषद ऐनले परिभाषित गरेको उमेर समूहको युवा सम्झनुपर्छ ।

(च) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय युवा परिषदको कार्यकारी समिति सम्झनुपर्छ ।

(छ) "उपाध्यक्ष" भन्नाले परिषद्को कार्यकारी उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ज) "प्राथमिकताको समूहका युवा" भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम र पिछडिएको क्षेत्रका युवालाई सम्झनुपर्छ ।

(झ) "विशेष प्राथमिकताको समूहका युवा" भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख र अल्पसङ्ख्यक युवालाई सम्झनुपर्छ ।

(ञ) "द्वन्द्वपिडित युवा" भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम २०५२ सालदेखि २०६३ मंसीर ५ गतेसम्म नेपालमा भएको सशस्त्र द्वन्द्व र पछिल्ला समयका द्वन्द्वपिडित परिवारका युवालाई जनाउनेछ ।

(ट) "जोखिममा रहेका युवा " भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम एच.आई.भी.एड्स सङ्क्रमित, बेचबिखनमा परेका, प्राकृतिक विपदमा परेका, लागू औषध प्रयोगकर्ता, यौन व्यवसायमा संलग्न, सडकमा रहेका, मुक्त कमैया परिवारका तथा असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक रोजगारीमा संलग्न युवालाई सम्झनुपर्छ ।

(ठ) "अपाङ्गता" भएका युवा" भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपाङ्गता , दृष्टिविहिन, वहिरा तथा फरक क्षमता राख्ने युवालाई सम्झनुपर्छ ।

(ड) "सीमान्तकृत" भन्नाले राजनैतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका , विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानुन बमोजिमको मानव विकासको स्तरभन्दा न्युन स्थितिमा रहेका अति सिमान्तकृत र लोपोन्मुख समुदाय समेतका युवालाई सम्झनुपर्छ ।

(ढ) "अल्पसङ्ख्यक समुदायका युवा" भन्नाले भौगोलिक विकटता, जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीय, वर्गीय तथा लैङ्गिक आधारमा राज्य तथा गैरराज्यका सेवा सुविधाबाट वञ्चित , सीमान्तकृत तथा राष्ट्रिय विकासको मूल प्रवाहमा आउन नसकेका अन्य युवालाई सम्झनुपर्छ ।

(ण) "राष्ट्रपति" भन्नाले युवा ससदले निर्वाचित गरेको राष्ट्रपतिलाई सम्झनुपर्छ ।

(त) "संसदीय दलको नेता" भन्नाले युवा संसदमा हुने सत्तापक्षीय संसदीय दलको नेतालाई सम्झनुपर्छ ।

(थ) "सभापति" भन्नाले युवा संसदमा रहने विषयगत समितिका सभापतिलाई सम्झनुपर्छ ।

(द) "सभामुख" भन्नाले युवा संसदको अध्यक्षता गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

(ध) "प्रधानमन्त्री" भन्नाले युवा संसदबाट निर्वाचित प्रधानमन्त्रीलाई सम्झनुपर्छ ।

(न) "प्रमुख प्रतिपक्षी दलका नेता" भन्नाले युवा संसदमा रहेको प्रमुख प्रतिपक्षी दलको नेतालाई सम्झनुपर्छ ।

(प) "संसदीय समिति" भन्नाले युवा संसद अन्तर्गत सरकार तथा सांसदले संसदमा पेश गरेका विभिन्न विधेयक तथा प्रस्तावहरु माथि छलफल तथा सुझाव दिन गठित सँसदको विषयगत समितिहरुलाई सम्झनुपर्छ ।

(फ) "महासचिव" भन्नाले युवा संसदको सभामुखको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त व्यक्तिलाई सम्झनुपर्छ ।

(ब) "सचिव" भन्नाले युवा संसदमा महासचिवको सिफारिसमा सभामुखबाट नियुक्त हुने व्यक्तिलाई सम्झनुपर्छ ।

(भ) "मन्त्री" भन्नाले युवा संसदले बनाएको युथभिजन २०२५ मा उल्लेखित युवा विकासका पाँच आधारस्तम्भहरुसंग सम्बन्धित विभागीय मन्त्री लगायत अन्य मन्त्रीहरुलाई सम्झनुपर्छ ।

(य) "रुलिङ" भन्नाले युवा संसदका सभामुखले दिएको निर्देशनलाई सम्झनुपर्छ ।

(र) "नीति तथा कार्यक्रम" भन्नाले युवा संसदमा राष्ट्रपतिबाट युवा विकासका लागि प्रस्तुत वार्षिक नीति तथा कार्यक्रमलाई सम्झनुपर्छ ।

(ल) "राष्ट्रिय युवा नीति" भन्नाले नेपाल सरकारबाट जारी राष्ट्रिय युवा नीति २०७२ सम्झनुपर्छ ।

(व) "युथभिजन" भन्नाले नेपाल सरकारले जारी गरेको युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना सम्झनुपर्छ ।

(स) "मर्यादा पालक" भन्नाले युवा संसदमा सुरक्षा व्यवस्थापनामा खटिएका कर्मचारीलाई सम्झनुपर्छ ।

(ष) "रोस्टम" भन्नाले युवा संसदका सदस्य तथा अन्य पदाधिकारीहरुले उभिएर बोल्ने वा संबोधन गर्ने स्थानलाई सम्झनुपर्छ ।

(स) "सदन" भन्नाले युवा संसद चलेको बैठकलाई सम्झनुपर्छ ।

(ह) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

## परिच्छेद – २
## युवा क्लबको गठन प्रक्रिया, काम कर्तव्य र अधिकार

### ३. युवाक्लबको गठन

(१) स्थानीय तहको प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासदस्यको संरक्षकत्वमा युवाक्लब गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने युवाक्लबमा सम्बन्धित वडा भित्रका १६ देखि २४ वर्ष उमेर समूहका सम्पूर्ण युवाहरु युवाक्लबका साधारण सदस्य हुन सक्नेछन् । यसका लागि सम्बन्धित वडासमितिले तोकेको समयभित्र उक्त उमेर समूहका युवाले सदस्यताका लागि सम्बन्धित वडासमितिको सचिवालयमा उमेर र ठेगाना खुलेको प्रमाण सहित दर्ता गर्नुपर्नेछ । युवाक्लबका साधारण सदस्य चौविस बर्ष उमेर पुरा भएपछि उक्त युवाक्लबको सदस्य रहनेछैन ।

(३) हरेक वडमा गठन हुने वडास्तरीय युवाक्लब कार्यसमितिमा देहायका युवालाई सदस्यको रुपमा सम्बन्धित वडा समितिले मनोनित गर्नेछ ।

क. प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना ।

ख. विशेष प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना ।

ग. स्थानीय उद्यमी युवाहरु मध्येबाट एकजना

घ. युवा पत्रकारहरु मध्येबाट एकजना

ङ. स्थानीय खेलाडीहरु मध्येबाट एकजना

च. स्थानीय कलाकारहरु मध्येबाट एकजना

छ. स्थानीय सहकारीमा आवद्ध युवाहरु मध्येबाट एकजना

ज. स्थानीय समुदायमा आधारित संस्थाहरुको प्रतिनिधि युवा एकजना

झ. वडा भित्रका मेधावी विद्यार्थीहरुमध्येवाट एकजना महिला सहित २ जना

ञ. वडापालिकाले खुला समूहबाट मनोनित गरेका युवा ५ जना

(४) युवाक्लबका सदस्यहरुले अध्यक्ष , उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आँफूहरु मध्येबाट छनौट गर्नेछन् । उपर्युक्तानुसारको वडाक्लबको कूल सदस्य संख्यामा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

(५) युवाक्लबका सदस्य चयन गर्नका लागि वडासमितिले यससम्बन्धी थप कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

(६) युवाक्लबका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । युवाक्लबका पदाधिकारीको उमेरको कारण पद रिक्त भएमा उक्त व्यक्ति जुन क्षेत्रबाट प्रतिनिधित्व गरेको हो सोही क्षेत्रबाट मनोनित गर्ने निकायले बाँकी अवधिका लागि मनोनित गरी पदपूर्ति गर्नेछ ।

(७) वडास्तरीय युवाक्लबको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा रहनेछ ।

**४. युवाक्लबको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(ख) स्थानीय तहसंग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माणमा सहभागी भई युवामैत्री कार्यक्रम निर्माण र कार्यान्वयनमा पैरवी र सहयोग गर्ने ।

(ग) स्थानीय तहमा सञ्चालन हुने सरसफाइ , वातावरण संरक्षण , बालअधिकार , मानव अधिकार , महिला अधिकार , शैक्षिक कार्यक्रम , सामाजिक अन्धविश्वास र कुरीतिं विरुद्धका सचेतना अभियानहरुमा सक्रियता पूर्वक सहभागी भई कार्यक्रम सफल बनाउन सहयोग गर्ने ।

(घ) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति गाउँपालिका तथा नगरपालिकासंगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(ङ) राष्ट्रिय युवा परिषद र मातहतका निकायहरुमार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षीत कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(च) दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भूमिका खेल्ने ।

(छ) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडासमितिको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

(ज) राष्ट्रिय युवा परिषद वा प्रदेश युवा परिषद र स्थानीय तहबीच समन्वय र सहकार्य गरी युवालक्षीत कार्यक्रमहरु सञ्चालन गर्ने ।

(झ) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुसाशन प्रवर्द्धनमा टेवा पुर्याउने ।

(ञ) दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी यसको कार्यान्वयनमा युवा परिचालन गर्ने

**परिच्छेद – ३**

## युवा संसद गठनको उद्देश्य र निर्माण प्रक्रिया

### (५) युवा संसद गठनको उद्देश्य :

क. युवाको नेतृत्व तथा क्षमता विकासमा सहयोग गर्ने ।

ख. युवाको सीपविकास तथा व्यक्तित्व विकास मा सहयोग पुर्याउने

ग. नेपालको शासन प्रणाली र यसको विकास प्रक्रियाका वारेमा युवालाई सुसूचित गर्ने

घ. युवामैत्री राष्ट्रिय नीति , योजना र कार्यक्रम निर्माणका लागि राज्यलाई सुझाव दिई सकारात्मक वातावरण निर्माण गर्ने ।

ङ. युवालाई विषयगत दक्षता हासिल गरी सो क्षेत्रको नेतृत्व र पैरवी गर्न सक्षम बनाउने ।

च. प्राथमिकता प्राप्त युवालाई राज्यको मूल प्रवाहमा ल्याउने ।

छ. राज्यका तल्लो तह गाउँ तथा नगरलाई युवामैत्रीं बनाउने तथा दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो परिवेशमा स्थानीयकरण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्ने ।

ज. युवालाई अधिकार र कर्तव्य प्रति सजग गराउँदै राष्ट्रनिर्माणमा उत्प्रेरित गर्ने ।

झ. राष्ट्रिय युवा नीति तथा युथभिजनमा परिलक्षीत योजना र कार्यक्रमलाई साकार बनाई नेपाली युवाको सर्वतोमुखी विकासमा सहयोग पुर्याउने ।

### (६) नमूना युवा संसद निर्माण प्रक्रिया :

(क) नमूना युवा संसदको अभ्यास प्रत्येक स्थानीय तह, प्रदेश तह र संघीय तहमा गर्न सकिनेछ ।

(ख) युवा संसदको आकार र प्रतिनिधित्व देहाय बमोजिम हुनेछ

### (१) स्थानीय तहको युवा संसद :

क. प्रत्येक स्थानीय तहको वडामा गठन भएको वडाक्लबहरु मध्ये गाउँपालिकाका प्रत्येक वडाबाट तीन-तीन जनाका दरले र नगरपालिका , उपमहानगरपालिका र महानगरपालिकाका प्रत्येक वडाबाट न्युनतम् एकजना महिला सहित दुई-दुई जनाका दरले सम्बन्धित वडाक्लब कार्यसमितिले छानी पठाएका वडाक्लबका सदस्यहरु रहेको गाउँ/नगर युवाक्लब सञ्जालका साधारण सदस्यहरु रहनेछन् । गाउँ/नगर युवाक्लब सञ्जालका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

ख. खण्ड (क) बमोजिमको युवाक्लब सञ्जालका साधारण सदस्यहरुले आँफूहरु मध्येबाट एघार सदस्सीय गाउँ/नगर स्तरीय युवाक्लब सञ्जाल कार्यसमिति गठन गर्नेछन् ।

ग. खण्ड (ख) बमोजिम गठित गाउँ/नगर युवाक्लब सञ्जाल कार्यसमितिमा न्युनतम् पचास प्रतिशत महिला सहित प्राथमिकता र विशेष प्राथमिककताका क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी युवा प्रतिनिधिहरु रहनेछन् ।

घ. खण्ड (क) बमोजिमका गाउँ/नगर युवाक्लब सञ्जालका साधारण सदस्यहरु सबै गाउँ/नगर युवा संसदका प्रतिनिधि हुनेछन् ।

ङ. खण्ड (घ) बमोजिमका प्रतिनिधिहरुका अतिरिक्त गाउँ/नगर युवा संसदमा गाउँपालिकाको हकमा बढीमा पाँच जना सम्म र नगरपालिका ,उप-महानगरपालिका र महानगरपालिकाको हकमा बढीमा सात जनासम्म गाउँ/नगर युवा परिषदको सिफारिसमा गाउँ/नगरपालिकाले थप युवा प्रतिनिधि मनोनित गर्नेछ ।

च. स्थानीय युवा संसदको बैठक सञ्चालनको समयमा पर्यवेक्षकका रुपमा स्थानीय तहका सबै जनप्रतिनिधिहरु , सम्बन्धित वडाका संघीय सँसद सदस्य , प्रदेशसभा सदस्य , गाउँ/नगर युवा परिषदका पदाधिकारीहरु , कार्यालय प्रमुखहरु , विद्यालयका प्र.अ./प्राचार्यहरु , स्थानीय संघसंस्थाका प्रमुखहरु तथा युवा सँसदमा प्रतिनिधि हुने युवाका अभिभावकहरु रहनेछन् ।

**(२) प्रदेश युवा संसदः**

क. *प्रत्येक गाउँ नगर युवाक्लब सञ्जाल कार्यसमितिका सदस्यहरुले आँफुहरुमध्येबाट छानी पठाएका/ न्यूनतम एक जना महिलासहित दुईजना युवा प्रतिनिधिहरु सम्मिलित प्रदेश युवाक्लब सञ्जालका साधारण सदस्य हुनेछन् ।* प्रदेश युवाक्लब सञ्जालका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

ख. खण्ड (क)बमोजिमको प्रदेश युवाक्लब सञ्जालका साधारण सदस्यहरुले आँफूहरु मध्येबाट प्रदेश नमूना युवा संसदका प्रधानमन्त्री, सभामुख र प्रमुख प्रतिपक्षी दलका नेता सहित एघार सदस्सीय प्रदेश युवाक्लब सञ्जाल कार्यसमिति गठन गर्नेछन् ।

ग. खण्ड (ख) बमोजिम गठित प्रदेश युवाक्लब सञ्जाल कार्यसमितिमा न्युनतम् पचास प्रतिशत महिला सहित प्राथमिकता र विशेष प्राथमिककताका क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी युवा प्रतिनिधिहरु रहनेछन् ।

घ. खण्ड (क) बमोजिमका प्रदेश युवाक्लब सञ्जालका साधारण सदस्यहरु सबै प्रदेश युवा संसदका प्रतिनिधि हुनेछन् ।

ङ. खखण्ड (घ) बमोजिमका प्रतिनिधिहरुका अतिरिक्त प्रदेश युवा संसदमा प्रदेश युवा परिषदको सिफारिसमा प्रदेश स्थित सामाजिक विकास मन्त्रालयले मनोनित गरेका दुई जना र राष्ट्रिय युवा परिषदले सम्बन्धित प्रदेशबाट १६-२४ वर्ष उमेर समूहका इच्छुक युवाहरु मध्येबाट खुला प्रतिस्पर्धाका आधारमा छनौट गरेका आठजना युवाहरु प्रतिनिधि हुनेछन् ।

च. प्रदेश युवा संसदको बैठक सञ्चालनको समयमा पर्यवेक्षकका रुपमा नीति निर्माण प्रक्रियामा प्रत्यक्ष सहभागी हुने व्यक्तित्वहरु मध्ये गाउँपालिका तथा नगरपालिकाका प्रमुखहरु, सम्बन्धित प्रदेश भित्रका प्रतिनिधिसभा

एवं राष्ट्रिय सभाका सदस्यहरु , प्रदेशसभा सदस्यहरु , प्रदेश युवा परिषदका पदाधिकारीहरु , प्रदेश स्तरका कार्यालय प्रमुखहरु , प्रदेश युवा परिषदका पदाधिकारीहरु , विश्वविद्यालयका उपकुलपति/रेक्टर/रजिष्ट्रार लगायतका उच्चपदस्त पदाधिकारीहरु, प्रदेशस्तरीय मन्त्रालयका सचिवहरु र प्रदेश युवा सँसदमा प्रतिनिधि हुने युवाका अभिभावकहरु रहनेछन् ।

**(३) संघीय युवा संसदः**

*क. संघीय तहमा प्रत्येक प्रदेश युवाक्लब सञ्जाल कार्यसमितिले उक्त सञ्जालका साधारण सदस्यहरु मध्येबाट* गाउँ/नगर युवाक्लब सञ्जालबाट छनौट भई आएका न्यूनतम् पाँचजना प्रतिनिधि सहित छानी पठाएका सातजना युवा प्रतिनिधिहरु संघीय युवाक्लब सञ्जालका साधारण सदस्य हुनेछन् । संघीय युवा क्लब सञ्जालका सदस्यहरुको पदावधि दुईवर्षको हुनेछ ।

*क. (१) संघीय नमूना युवा संसदमा १६-२४ वर्ष उमेर समूहका इच्छुक युवाहरुबाट खुला प्रतिस्पर्धाका आधारमा २१ जना छनौट हुनेछन् ।*

ख. खण्ड (क) बमोजिमको संघीय युवाक्लब सञ्जालका साधारण सदस्यहरुले आँफूहरु मध्येबाट संघीय नमूना युवा संसदका प्रधानमन्त्री सभामुख र प्रमुख प्रतिपक्षी दलका नेता सहित एघार सदस्सीय संघीय युवाक्लब सञ्जाल कार्यसमिति गठन गर्नेछन् ।

ग. खण्ड (ख) बमोजिम गठित संघीय युवाक्लब सञ्जाल कार्यसमितिमा न्युनतम् पचास प्रतिशत महिला सहित प्राथमिकता र विशेष प्राथमिककताका क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी युवा प्रतिनिधिहरु रहनेछन् ।

*घ. खण्ड (क) बमोजिमका संघीय युवाक्लब सञ्जालका साधारण सदस्यहरु र खण्ड क(१) बमोजिमका युवाहरु सबै संघीय युवा संसदका प्रतिनिधि हुनेछन् ।*

ङ. खण्ड (घ) बमोजिमका प्रतिनिधिहरुका अतिरिक्त संघीय युवा संसदमा राष्ट्रिय युवा परिषदले मनोनित गरेका थप दशजना युवा प्रतिनिधि समेत रहनेछन् ।

ङ. संघीय युवा संसदको बैठक सञ्चालनको समयमा पर्यवेक्षकका रुपमा नीति निर्माण प्रक्रियामा प्रत्यक्ष सहभागी हुने व्यक्तित्वहरु मध्ये नेपाल सरकारका प्रधानमन्त्री , मन्त्रीगण , सभामुख , प्रतिनिधि सभा र राष्ट्रिय सभाका युवा सांसदहरु , नेपाल सरकारका सचिवहरु , राष्ट्रिय युवा परिषदका पदाधिकारीहरु , युथभिजन २०२५ निर्माण कार्यदलका सदस्यहरु , विश्वविद्यालयका उपकुलपतिहरु र संघीय युवा संसदका युवा प्रतिनिधिका अभिभावकहरु रहनेछन् ।

७. यस कार्यविधि बमोजिम सबै स्थानीय तहका सबै वडाहरुमा वडास्तरीय युवाक्लबहरु गठन नभएको अवस्थामा पनि युवा संसदको नमूना अभ्यास वडास्तरीय युवा क्लबहरु आँशिक वा पूर्ण रुपमा गठन भएका स्थानीय तहबाट मात्र प्रतिनिधित्व हुने गरी सञ्चालन गर्न बाधा पर्ने छैन ।

८. युवाक्लब संञ्जालको काम, कर्तव्य र अधिकार : गाउँ/नगर स्तर प्रदेश स्तर र संघीय स्तरमा गठन हुने युवाक्लब सञ्जालको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क. स्थानीय युवाक्लबको नेतृत्व क्षमता विकासमा सहयोग गर्ने ।

ख. युवालाई स्वयंसेवकीय कार्यमा लाग्न उत्प्रेरित गर्ने ।

ग. विपद व्यवस्थापन तथा सामाजिक अन्धविश्वास र कुरितिका विरुद्ध युवा परिचालनका लागि सहजीकरण गर्ने ।

घ. संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयनका लागि सहयोग गर्ने ।

ङ. युवामा सकारात्मक सोचको विकास, उद्यमशिलता र स्वरोजगारको भावना विकास गर्न सहयोग गर्ने ।

च. सम्बन्धित तह र क्षेत्र भित्रका युवाक्लब, सञ्जाल र सरकारहरु बीच समन्वय र सहकार्यको वातावरण तयार गर्ने ।

छ. सम्बन्धित तहका युवा संसदको नमूना अभ्यासका लागि प्रतिनिधि छनौट तथा व्यवस्थापन गर्ने ।

ज. दिगो विकासका लक्ष्यको स्थानीयकरण गरी सम्बन्धित क्षेत्रमा कार्यान्वयनका लागि सहजीकरण गर्ने ।

झ. राष्ट्रिय युवा परिषदले तोकेका अन्य काम गर्ने ।

परिच्छेद –४

## नमुना युवा संसदको अभ्यास

(९) नमुना युवा संसदको अभ्यास गरिनेः यस कार्यविधिको दफा ९ (१) (२) (३) बमोजिम गठित सम्बन्धित तहको युवा सँसदका प्रतिनिधिहरुका बीचमा संसदीय अभ्यास प्रत्येक वर्ष चार दिवसीय कार्यक्रमको रुपमा देहाय बमोजिम सञ्चालन गरिनेछ । उक्त चार दिन मध्ये शुरुका तीन दिन युवा प्रतिनिधिहरुलाई प्रशिक्षण र अभ्यास गराइनेछ भने अन्तिम दिन नमूना युवा संसदको औपचारिक प्रस्तुति हुनेछ ।

(क) संघीय युवा संसदमा सदनको औपचारिक कारवाही शुरु हुनुपूर्व उमेरको हिसाबले जेष्ठ युवा साँसद सदस्यले राष्ट्रपति समक्ष पद तथा गोपनीयताको सपथ लिनेछन् र उनको अध्यक्षतामा सदनको बैठक बस्नेछ र उनले अन्य सबै सँसद सदस्यलाई पद तथा गोपनीयताको सपथ गराउनेछन् । कूल सँसद सदस्यहरु मध्येबाट एकजना राष्ट्रपति, एकजना उपराष्ट्रपति, एकजना सभामुख, एकजना उपसभामुख निर्वाचित हुनेछन् र यसको छनौट उपस्थित सदस्यसंख्याको बहुमतबाट हुनेछ । सभामुख र उपसभामुख मध्ये न्यूनतम् एकजना महिला युवा हुनुपर्नेछ । निर्वाचित सभामुखले राष्ट्रपति समक्ष र उपसभामुखले राष्ट्रपतिको समुपस्थितिमा सभामुख समक्ष पद तथा गोपनीयताको सपथ लिनुपर्नेछ । सपथ ग्रहणको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

(ख) कूल सदस्यसंख्याको ६८ प्रतिशत सदस्य सत्तापक्षको रुपमा र बाँकी सदस्यहरु प्रतिपक्षी साँसदको रुपमा रहनेछन् । यसको विभाजन सँसदको सभामुखबाट भौगोलिक क्षेत्र , लैङ्गिक र समावेशी आधारमा गर्नेछन् । यसको आधारमा उनीहरुले सोही बमोजिमको भूमिका निभाउनु पर्नेछ ।

(ग) सत्तापक्षबाट नमूना मन्त्रीपरिषद गठन हुनेछ । यसमा प्रधानमन्त्री लगायत अर्थ तथा योजना मन्त्री , शिक्षा तथा प्रविधि मन्त्री , उद्योग तथा रोजगार मन्त्री , स्वास्थ्य तथा सामाजिक सुरक्षा मन्त्री , युवा तथा खेलकुद मन्त्री समेत युथभिजन २०२५ मा उल्लेखित युवा विकासका लागि पाँच आधारस्तम्भलाई समेटिएको मन्त्रिपरिषद रहनेछ । युवा प्रधानमन्त्रीले राष्ट्रपति समक्ष र अन्य मन्त्रीले राष्ट्रपतिको समुपस्थितिमा प्रधानमन्त्री समक्ष पद तथा गोपनियताको सपथ लिनेछन् ।

(घ) प्रधानमन्त्रीबाट तयार भएको युवा विकास सम्बन्धी वार्षिक नीति तथा कार्यक्रम राष्ट्रपतिले नमूना युवा संसदमा प्रस्तुत गर्नेछन् । यस नीति तथा कार्यक्रममा विशेषतः विगतमा युवा विकासको क्षेत्रमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट भए गरेका कार्यहरुको समीक्षा तथा नयाँ आर्थिक वर्षका लागि प्रस्तावित युवालक्षीत योजना, कार्यक्रम, बजेट र अपेक्षित उपलबधीको विस्तृत विवरण समावेश भएको हुनेछ ।

(ङ) खण्ड (घ) बमोजिम राष्ट्रपतिबाट प्रस्तुत युवालक्षित नीति तथा कार्यक्रममाथि खुला छलफलका लागि सभामुख मार्फत रुलिङ् हुनेछ । यसका लागि संसदको अध्यक्षले युवा सांसदहरु बीच भएको खुला छलफल तथा सुझावहरु समेटेर युवा संसदको कारवाहीको विस्तृत प्रतिवेदन तयार गर्नका लागि बहस नोट समिति गठन गर्नेछन् ।

(च) युवा सांसदमा नियुक्त वा मनोनित भई विभिन्न भूमिका निर्वाह गर्ने युवा साँसदहरुले नमूना युवा संसदीय अभ्यासको क्रममा पालना गर्नुपर्ने आचारसंहिता जस्तै सदनमा बोलिने भाषा , लगाउने पोशाक, प्रस्तुतीकरण शैली, समय, स्थान, सञ्चारका साधनहरु, सम्बोधनका प्रकृति, जिम्मेवारी बाँडफाँड लगायतका विषयमा संसद आँफैले निर्धारण गर्न सक्नेछ ।

(छ) साँसदहरुबाट छलफलको क्रममा उठेका प्रश्नका जवाफ दिन सभामुखले प्रधानमन्त्री वा सम्बन्धित मन्त्रीलाई बोलाउनेछन् ।

(ज) नमूना युवा संसदको अभ्यास गर्नुपूर्व संसदका सदस्यहरुलाई संसदीय मामिलाका विज्ञहरुबाट आवश्यक अभिमुखीकरण तथा प्रशिक्षण सञ्चालन गर्न सकिनेछ । यस कार्यक्रमको संयोजन तथा व्यवस्थापन राष्ट्रिय युवा परिषदले गर्नेछ ।

(झ) माथि उल्लेख गरिएबमोजिमका संसदीय प्रक्रिया तथा क्रियाकलापहरु आवश्यकता र औचित्यका आधारमा गाउँ/नगर तथा प्रदेशस्तरमा सञ्चालन हुने नमूना युवा संसदमा पनि अभ्यास गर्न सकिनेछ ।

(१०) युवा संसदमा छलफलको आधार : दफा ११ को खण्ड (ङ) बमोजिम हुने छलफल विशेषतः नेपाल सरकारबाट जारी राष्ट्रिय युवा नीति २०७२ , युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना , नेपाल

सरकारको युवा सम्बन्धित वार्षिक नीति तथा कार्यक्रम र बजेट एवं सोको कार्यान्वयनका लागि चालिएका प्रयत्नहरु तथा अन्य समसामयिक विकास सम्बन्धी विषयहरु माथि केन्द्रित रहेर सञ्चालन हुनेछन् ।

(११) सम्बद्ध पदाधिकारीलाई आमन्त्रण गरिने : युवा संसदमा भएका छलफल , युवाका माग एवं आगामी दिनमा युवा विकासका लागि चालिनुपर्ने कदमहरुका बारेमा युवा साँसदहरुसंग साक्षात्कर गरी ऐक्यबद्धता जनाउन र सम्बोधन गर्नका लागि संघीय युवा संसदको छलफल कार्यक्रममा प्रधानमन्त्री , राष्ट्रिय योजना आयोगका सदस्य (युवा तथा रोजगार क्षेत्र हेर्ने) , युवा तथा रोजगार मन्त्री , संघीय प्रतिनिधिसभाका युवा साँसदहरु, राष्ट्रिय युवा परिषदका कार्यकारी उपाध्यक्ष , युथभिजन २०२५ निर्माण कार्यदलका संयोजक तथा युवा विकासका क्षेत्रमा क्रियाशील संघसंस्था तथा सञ्चारकर्मीहरुलाई आमन्त्रण गरिनेछ । त्यसैगरी प्रदेश युवा संसदमा प्रदेशका मुख्यमन्त्री विषयगत मन्त्रीहरु युवा साँसदहरु तथा युवासम्बद्ध निकायका पदाधिकारीहरुलाई आमन्त्रण गरिनेछ भने स्थानीय युवा संसदमा पनि स्थानीय गाउँ/नगर कार्यपालिकाका सदस्यहरु लगायत युवासम्बद्ध पदाधिकारीहरुलाई आमन्त्रण गरिनेछ ।

(१२) प्रतिवेदन तयार गरिने : युवा संसदको नमूना अभ्यास सम्पन्न भइसकेपछि युवा प्रतिनिधिहरुबाट प्राप्त नीतिगत र कार्यक्रमगत सुझावहरुलाई समेटेर युवा संसद निर्माण प्रक्रिया देखि संसदीय अभ्यास सम्पन्न हुँदासम्मका संपूर्ण क्रियाकलापहरु समावेश गरी विस्तृत प्रतिवेदन तयार गरिनेछ । यसरी संघीय युवा संसदीय अभ्यासको प्रतिवेदनलाई सुझावको रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय , राष्ट्रिय योजना आयोग, युवा सम्बद्ध मन्त्रालयहरु , राष्ट्रिय युवा परिषद र युवा सम्बद्ध संघसंस्थाहरुलाई एक-एक प्रति उपलब्ध गराउनु पर्नेछ ।त्यसैगरी प्रदेश तथा स्थानीय तहमा पनि सम्बन्धित तहका युवा सम्बद्ध निकाय तथा पदाधिकारीहरुलाई यो प्रतिवेदन उपलब्ध गराइनेछ । प्रतिवेदन पेश भइसकेपछि यसको विस्तृत अध्ययन गरी यसमा उल्लेखित रचनात्मक सुझावहरुलाई आत्मसात गरी राष्ट्रिय प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउनु सम्बन्धित निकायहरुको दायित्व हुनेछ ।

## परिच्छेद – ५
## नमुना युवा संसद निर्देशक समिति

(१३) नमुना युवा संसद निर्देशक समिति गठन हुने : (१) यस कार्यविधि बमोजिम वार्षिक रुपमा सञ्चालन हुने युवा संसद गठन प्रक्रिया , प्रतिनिधि छनौट , अभ्यास तथा संघसंस्थाहरुसंग सहकार्य सम्बन्धी नीति निर्माण तथा कार्यक्रमगत समन्वय गर्न केन्द्रमा एक युवा संसद निर्देशक समिति रहनेछ । उक्त समितिको गठन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

अध्यक्ष - कार्यकारी उपाध्यक्ष, राष्ट्रिय युवा परिषद

सदस्य - सहसचिव (युवा विकास महाशाखा) युवा तथा खेलकुद मन्त्रालय

सदस्य - प्रशासकीय प्रमुख, राष्ट्रिय युवा परिषद

सदस्य - राष्ट्रिय युवा परिषद सदस्यहरु मध्येबाट एकजना महिला पर्ने गरी दुईजना

सदस्य - संघीय युवाक्लब सञ्जालका सदस्यहरु मध्येबाट कार्यकारी समिततिबाट मनोनित एकजना महिला सहित दुईजना प्रतिनिधि

सदस्य - कार्यकारी समितिले तोकेको युवा सम्बद्ध गैरसरकारी संस्थाका प्रतिनिधि दुईजना

सदस्य-सचिव — सम्बन्धित कार्यक्रम हेर्ने शाखा प्रमुख

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क. नमूना युवा संसदको नीति तथा मापदण्ड निर्धारण गर्ने।

ख. वडास्तरीय युवा क्लब तथा युवा सम्बद्ध सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग समन्वय र सहकार्यको वातावरण निर्माण गर्ने ।

ग. नमूना युवा संसदका लागि स्रोत व्यवस्थापन गर्ने ।

घ. नमूना युवा संसदीय अभ्यासको अनुगमन एवं सहजीकरण गर्ने र आवश्यकतानुसार निर्देशन दिने ।

ङ. अन्य आवश्यक कार्य गर्ने ।

(३) निर्देशक तथा अनुगमन समितिको बैठक तथा निर्णय प्रक्रिया सम्बन्धी काम कारवाही समिति आँफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(१४) प्रदेश नमुना युवा संसद निर्देशक समिति :

(क) प्रदेश स्तरमा सञ्चालन हुने प्रदेश नमुना युवा संसदका गतिविधिको समन्वय सहजीकरण तथा आवश्यक मार्गनिर्देशनका लागि प्रत्येक प्रदेशमा एउटा प्रदेश नमुना युवा संसद निर्देशक समिति रहनेछ । उक्त समितिको काम काम प्रदेश युवा परिषदले गर्नेछ । प्रदेश युवा परिषद गठन नभएसम्मका लागि सो सम्बन्धी कार्य प्रदेश सामाजिक विकास मन्त्रालयले गर्नेछ । यसका लागि राष्ट्रिय युवा परिषदले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

(ख) खण्ड (क) बमोजिम गठित प्रदेश युवा संसद निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि सम्बन्धित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(१५) वडा युवाक्लब तथा नमुना युवा संसदका गतिविधि तथा कार्यक्रमहरुको अनुगमन तथा सहजीकरण स्थानीय स्तरमा गाउँ/नगर युवा परिषदले गर्नेछ । गाउँ/नगर युवा परिषद गठन नभएसम्मका लागि सो सम्बन्धी कार्य गाउँ/नगरपालिकाले तोकेको एकाइले गर्नेछ।

## परिच्छेद ६
## विविध

(१६) सहकार्य गर्न सक्ने : युवा संसदको निर्माणका लागि स्थानीय तहमा वडास्तरीय क्लबहरुको निर्माण, त्यसको क्षमता अभिवृद्धि, युवाक्लबको स्रोत व्यवस्थापन तथा नमूना युवा संसदको अभ्यास गरी युवाको नेतृत्व विकास तथा परिचालन गर्नका लागि परिषदले सम्बद्ध सरकारी तथा युवा सम्बद्ध गैरसरकारी निकाय तथा संघसंस्थाहरुसंग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

(१७) स्रोत व्यवस्थापन गर्न सक्ने : युवाक्लब गठन परिचालन तथा नमूना युवा संसदको अभ्यासका लागि संघीय प्रादेशिक र स्थानीय सरकारले आ-आफ्नो निकायमा रहेको मानवीय, भौतिक तथा आर्थिक स्रोत व्यवस्थापन गर्न सक्नेछ ।

(१८) सबैले सहयोग गर्नुपर्ने : यस कार्यविधिमा उल्लेख भएका काम, कर्तव्य र अधिकारका साथै वडास्तरीय युवाक्लब गठन तथा परिचालन, गाउँ/नगर, प्रदेश तथा संघीय युवा संसदको नमूना अभ्यासका लागि सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।